नेपाल सरकार
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## आन्तरिक प्रशासन शाखा

☎ ४२२३५८०
४२६२६९६
४२६९७३६

रामशाहपथ, काठमाडौं

प.सं. ०७९/८०
च.नं. ६२८

मितिः २०७९/१२/०६

श्री विभागहरू/प्रतिष्ठानहरू/अस्पतालहरू/केन्द्रहरू सबै।

**विषयः प्रतिभा वा आइडिया पठाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६६, मिति २०७९/१२/०१ को पत्रबाट लेखिआए बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिभा डबली (Talent Forum) स्थापना गरी राष्ट्रसेवक निजामती कर्मचारीको नीति तर्जुमामा सहयोग, नीति कार्यान्वयन, सेवा प्रवाह तथा विकास निर्माण लगायत सार्वजनिक सरोकारका विषयमा कार्यसम्पादनको सिलसिलामा वा सोका अतिरिक्त आफूमा अन्तर्निहित प्रतिभाको उजागर गर्दै उत्तम नतिजा हासिल गर्ने अवसर प्रदान गर्ने गरी प्रतिभा डवली कार्यक्रम सञ्चालनमा रहेको छ। उक्त कार्यक्रमबाट कर्मचारीको प्रतिभा वा आइडियाले सार्वजनिक महत्व राख्न सक्ने भएकोले तहाँ निकायमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई आफ्ना प्रतिभा वा आइडियालाई संलग्न सूचना बमोजिमको अनलाइन प्रणाली मार्फत फारम भरी अडियो तथा भिज्यूयल समेत अपलोड गरी प्रस्ताव पेश गर्नुहुन आदेशानुसार अनुरोध छ।

साथै उक्त सूचना तथा स्वीकृत प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइट www.mofaga.gov.np मा प्रकाशित भएको व्यहोरा समेत अनुरोध छ।

सुरेश भट्टराई
शाखा अधिकृत